# अन्धवेग नाटकको तत्त्वपरक विश्लेषण

**वासुदेव गौतम (विद्यावारिधि)**

महेन्द्र रत्न क्याम्पस

**सार**

*अन्धवेग नाटक नाट्यसम्राट समको एक सशक्त नाटक हो। यस नाटकमा राणाकालीन समाजको एक सम्भ्रान्त परिवारको कथावस्तु समेटिएको छ। यस नाटकका नायक गरुढध्वजको अवस्थाको चर्चा गरिएको छ। गरुढध्वज सम्भ्रान्त परिवारका पात्र भए तापनि साधारण मानिस जस्तै छन् भने उनकी श्रीमती पम्फा आधुनिक प्रवृत्तिकी छिन्। उनको लवाइ आधुनिक ढङ्ग ढाँचाको छ। टिम्के चोली लगाउन मन पराउने उनलाई दर्जीले सनाइको खोलजस्तै चोली सिलाइ दिएकोमा ज्यादै नै रिसाउछिन् र नोकरलाई त्यो चोली दमाइ कहाँ पुऱ्याउन पठाउँछिन्। यस अवस्थाले उनी आधुनिक भएको देखिन्छ। त्यस घरमा गरुढध्वजका फुपू र उनका छोरा जयवीर तीर्थबाट लामो समयपछि आइपुग्छन् र उनीहरूलाई राम्रोसँग स्वागत सत्कार गरिएकोछ। जयवीरको खाइलाग्दो शारीरिक बनोटबाट पम्फा आकर्षित हुन्छिन्। उता जयवीरको विवाहवारी गर्ने कुरा चलेको हुन्छ तर उनी केटीको चरित्र ठिक नभएको बहाना बनाएर विवाह गर्दैनन्। अर्कोतिर जयवीरको विवाहप्रसँगले पम्फा चिन्तित भएकी छिन्। यस अवस्थासम्ममा उनीहरू धेरै नै नजिकी सकेका हुन्छन्। पम्फा अन्धो कामवासनाका कारण आफ्नै छोरा छोरी र श्रीमान् समेत पनि बाफिलो भएको अनुभव गरेकी छिन्। एकान्तको खोजीको क्रममा उनीहरू पशुपति जाने योजना बनाउँछन्। त्यहाँ आफ्नो कामवासना पूरा गराउन पम्फा हुन्छे तर यमदूत जस्तै गरी गरुढध्वज उपस्थित हुन्छन्। उनले जयवीरलाई मारेर पम्फालाई त्यहीँसँग सति जा भनी आफ्नो घर फर्कन्छन्। घरमा आफ्ना छोरा छोरीलाई अन्तिम पटक माया गरेर बिष सेवन गरी आत्महत्या गर्दछन्। पम्फा पनि घर पुग्छिन् र उनी संयोगले घरको कठबारबाट लडेर मर्दछिन् त्यसपछि नाटकको अन्त्य हुन्छ।*

**विशेष शब्द** — पात्र, खेल, चिन्तित, नायक, कार्यव्यापार, वातावरण, सेरोफेरो, मञ्चन

## विषयप्रवेश

वि.सं. १९५९ मा काठमाडौँको ज्ञानेश्वरमा बालकृष्ण समको जन्म भएको थियो। उनी आई.एस्सी. अध्ययन गर्दागर्दै सैनिक सेवामा प्रवेश गरी क्याप्टेन भए। काम गर्ने सिलसिलामा उनी वि.सं. १९८७ मा दरबार हाई स्कुलमा शिक्षक, वि.सं. १९८७ मै त्रि–चन्द्र कलेजमा प्राध्यापक भए। वि.सं. १९९० मा नेपाली भाषा प्रकाशिनी समितिका अध्यक्ष, वि.सं. २००८ मा नेपाल रेडियोको निर्देशक, २०१२ मा गोरखापत्र संस्थानको सम्पादक, वि.सं. २०१४ मा रोयल नेपाल एकेडेमीका सदस्य, वि.सं. २०२६ मा उपकुलपति तथा २०२८ मा एकेडेमीका आजीवन सदस्य बने। वि.सं. २०३० मा राजसभा स्थायी समितिका सदस्यजस्ता अनेकन पदमा रही उनले आफ्नो व्यक्तित्वको परिचय दिएका छन्।

नेपाली साहित्यका बहुआयामिक व्यक्तित्व बालकृष्ण सम बहुमुखी प्रतिभाका धनी थिए। उनी एक कुशल प्राध्यापक, कुशल प्रशासक, कुशल

निर्देशक, कुशल अभिनेता, कुशल लेखक, कुशल चित्रकार, कलाकार, मूर्तिकार, सम्पादक आदि थिए। उनी नाट्य क्षेत्रका एक कुशल नाटककार थिए। उनलाई नेपाली साहित्यमा सेक्सपियरका नामबाट चिनिन्छ (लम्साल र अन्य, २०७१ : ३०)। उनीद्वारा रचिएका नाट्य कृतिहरू यस प्रकार छन् : मुटुको व्यथा वि.सं. १९८६, ध्रुव वि.सं. १९८६, मुकुन्द इन्दिरा वि.सं. १९९, प्रह्लाद वि.सं. १९९५, अन्धवेग वि.सं. १९९६ भक्तभानुभक्त वि.सं २०००, म वि.सं. २००२, प्रेमपिण्ड वि.सं. २००९, अमरसिंह वि.सं. २०१०, भीमसेनको अन्त्य वि.सं.२०१३, अत्याधुनिकता वि.सं. २०२०,तलमाथि वि.सं. २०२२, तानसेनको झरी वि.सं. २०२७, अमित वासना वि.सं. २०२७, मोतीराम वि.सं. २०३३, स्वास्नी मान्छे वि.सं. २०३३, ऊ मरेकी छैन वि.सं. २०३५, अमलेख वि.सं. २०४० आदि।

स्वच्छन्दतावादी परिष्कारवादी नाटककार बालकृष्ण समले सामाजिक, ऐतिहासिक तथा पौराणिक विषयलाई नेपाली नाटकमा कुशलतापूर्वक उतारेका छन्। उनको समयभन्दा पहिलेका नाटकहरू केवल रूपान्तरण र अनुवाद गरिएका मात्र थिए। उनले नै नेपाली नाटकमा मौलिकताको वातावरण शुभारम्भ गरे। उनले नेपाली नाट्य जगतमा सेक्सपियरको शैली अपनाएर सुखान्त, दुखान्त र ऐतिहासिक नाटकको परम्परा स्थापित गरेका हुन्। यी नाटकका साथै उनले समस्यामूलक नाटक पनि लेखेका छन्। यस्ता नाटक विचार प्रधानको कोटीमा पर्दछन्। उनलाई नाटक रचना गरेको आधारमा पद्य र गद्य शैलीका नाट्य स्रष्टा मानिन्छ (लम्साल र अन्य, २०७१ : ३१)। उनी मूलतः मानवतावादी राष्ट्रवादी नाटककारसमेत हुन्। उनका नाटकहरूमा, बालपात्र, तत्सम, तद्भव, क्लिष्ट शब्द, साहित्यिक अर्थ आउने भाषा प्रयोग गरिएको पाइन्छ। त्यस्तै गरी पात्रहरूको बीचमा लामा–लामा संवाद र द्वन्द्वको पनि कुशल रूपले संयोजन गरिएको पाइन्छ। उनले नेपाली नाट्य जगत्मा उल्लेखनीय योगदान पुऱ्याएका हुनाले उनलाई सेक्सपियरेली नाट्य स्रष्टाका रूपमा चौतर्फी प्रशंसा गरिएको पाइन्छ। उनीबाट रचना गरिएको अन्धवेग नाटकको कथावस्तु, पात्रविधान, उद्देश्य, भाषाशैली, संवाद, वातावरण, अभिनय जस्ता आधारमा विश्लेषण गरिएको छ।

**समस्याकथन**

बालकृष्ण समद्वारा रचना गरिएको अन्धवेग नाटकको अध्ययन विश्लेषण नाट्य तत्त्वपरक ढाचाँमा अहिलेसम्म कहीँ कतैबाट पनि भएको देखिदैन। त्यसैले प्राज्ञिक समस्याको समाधानसम्म पुग्नका लागि प्रस्तुत अध्ययनमा अन्धवेग नाटकको नाट्यगत तत्त्वको विश्लेषण के कस्तो छ त्यसको समस्याको समाधान पहिल्याउने प्रयास गएिको छ।

**उद्देश्य**

समस्याकथनमा प्रस्तुत गरिएका समस्यालाई समाधान गर्नको लागि अन्धवेग नाटकको नाट्यगत तत्त्वको विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य रहेको छ।

**अध्ययनको महत्त्व**

नेपाली साहित्यको आधुनिक कालमा नाट्य विधामा कलम चलाएका बालकृष्ण समले विभिन्न नाटकहरू रचना गरेका छन्। ती नाटकहरू मध्ये अन्धवेग वि.सं.१९९६ सालमा प्रकाशित भएको नाटक हो। यो नाटकको नाट्य तत्त्व कथानक, पात्रचरिचित्रण, वातावरण, द्वन्द्व, अभिनय, वृत्ति, भाषाशैलीगत प्रयोग पक्षलाई प्राज्ञिक अध्ययनको विषय बनाइएको हुँदा यस अध्ययनको महत्त्व रहेका छ ।

**अध्ययनको सीमा**

यस अध्ययनको मुख्य उद्देश्य बालकृष्ण समद्वारा रचना गरिएका विभिन्न नाटकहरू मध्ये 'अन्धवेग' नाटकको नाट्य तत्त्वका दृष्टिले विश्लेषण गर्नु यसको सीमा रहेको छ।

## अध्ययन विधि

अध्ययन विधिलाई निम्नअनुसार दुई भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

### (क) पुस्तकालय विधि

प्रस्तुत अध्ययनको लागि आवश्यक पर्ने सामग्रीको संकलन गर्दा पुस्तकालय विधिलाई उपयोग गरिएको छ।

### (ख) विश्लेषण विधि

प्रस्तुत अध्ययनमा बालकृष्ण समको अन्धवेग नाटकको तत्त्वपरक कोणबाट विश्लेषण गरिएको छ। नाटिकाको तत्त्वगत आधारलाई समेटी विश्लेषण गरिएको छ।

## अन्धवेग नाटकको तत्त्वगत अध्ययन

अन्धवेग नाटकको नाट्यतत्त्वगत अध्ययन निम्नअनुसार गरिएको छ :

### कथावस्तु

नाटकका नायक गरुडध्वजका छोराछोरीहरू घरकै सेरोफेरोमा केटाकेटी खेल खेलिरहेका छन्। गरुडध्वजकी पत्नी पम्फा आउनासाथ दमाइबाजा रोकिन्छ र खेल पनि रोकिन्छ। पम्फा नापभन्दा ठुलो चोलो सिलाइ दिएकोमा दमाईलाई गाली गर्दै नोकरलाई सो चोलो लिएर दमाईकहाँ पठाउँछे। टिम्केचोलो चाहिने जातलाई यति राम्रो किन मिल्थ्यो भनेर दमाई आइमाईहरूको कटु आलोचना गर्न पुग्छ। यस सन्दर्भमा उल्लेख गरिएको पङ्क्ति – “दमाईं – म चालो छेकेर काटिदिन्छु, तपाईं माड लाएर साहेबनीको आङमा टाँसिदिनोस्, अनि ठिक्क रसाएजस्तो होइहाल्छ (सम,२०६८ : ७)।” गरुडध्वज आरामसँग बसेर सुनकेशरी मैयाँको कथा भन्दै हुन्छ भने केटाकेटीहरू कथा श्रवण गरिरहेका हुन्छन्। पम्फा बत्ती कातेर बसिरहेकी हुन्छे, यसै अवस्थामा तीर्थ गएका उसका फुपू र उनका छोरा जयवीर आइ पुगेको खबर पाएर भानुलाई ढोका खोल्न गरुडध्वज लगाउँछन्। गरुडध्वजकी फुपू ठूल्नानी र उनको छोरो जयवीर आठ वर्षपछि घर आएकाले खुव व्यवस्थाका साथ उनीहरूको बन्दोबस्त हुन्छ। भोलिपल्ट जयवीर नुवाइ धुवाइ गरेर गीत गुन्गुनाउँदै हुन्छ, पम्फा पनि कौसीमा एक्लै हुन्छे। पम्फा आफूमा रहेको अतृप्त कामवासना पात्र जयवीरबाट पूरा गराउने कल्पना गर्छे र त्यसलाई पूरा गराउन अतीतका बाल्यकालीन सम्झना गराउँदै जयवीरसँग नजिकिन्छे। छोटो समयमै जयवीरको नजिकमा पुग्न सफल हुन्छे। गरुडध्वज र ठूल्नानी जयवीरको विवाहको बन्दोवस्त मिलाउन दुलहीका घरमा जाने सल्लाह गर्छन्।

मुगा र चेप्टेका बीचमा हात हालाहाल गरेर चलिरहेकै अवस्थामा पम्फा आइपुग्छे र ऊ चेप्टेलाई अत्तर लिन बजार पठाउँछे। यसपछि चिलिम हातमा लिएर चलाउँदा फुट्छ। त्यही फुटेको टुक्रोले हातमा रहेको पुरानो दागलाई घोट्न थाल्छे। नाटकको घटनाक्रम विकसित हुँदै जानेक्रममा गरुडध्वजका घरमा भेला भई जयवीरको विवाहको साइतका विषयमा कुराकानी हुन्छ तर जयवीर त्यस केटीको चरित्र ठिक नभएकाले विवाह हुन नसक्ने बताउँछ। सर्पले बाटो काट्यो भन्दै परम्परित संस्कारलाई अनुमोदन गर्ने काम हुन्छ। यता त्यसपछि पम्फा मूर्च्छा पर्छे भने ठूल्नानी चिन्तित बन्छे। नाटकीय घटनाक्रमले जयवीर र उसको साथी बैकुण्ठमान दक्षिणकालीमा पूजा सकेर प्रेम विषयक कविता लेख्छन्। जयवीर पम्फाको प्रेममा फसेको भान कविताबाट हुन्छ र उसलाई त्यसबाट मुक्त गराउन बैकुण्ठमान अनेक प्रयत्न गर्दै काठमाडौँ फर्काउँछ। पम्फा विरक्त मानेर कौसीमा एक्लै बसी आफूलाई अभागी ठान्न थाल्छे, यतिबेला आफ्नै छोराछोरीको उपस्थिति पनि उसलाई झन्झटिलो र बोझिलो हुन्छ। पम्फा र जयवीरका बीच बढेको प्रेमका विषयमा मुगा र चेप्टेले गरेको कुरा धुरारीले सबै सुन्छन्। यो कुरा थाहा पाएपछि मुगा रुन थाल्छे र धुरारीले मुगालाई आफूले नभन्ने आश्वासन दिएर त्यहाँबाट हिँड्छन्। उता जयवीर फर्कन्छ यो थाहा पाएर पम्फा पनि खुसी हुन्छे। एकादशीका दिन जयवीरले बैकुण्ठमानको घर जाने कुरा गर्छ यो कुरा

थाहा पाएर पम्फा पनि जयवीरसँग पशुपति जाने योजना बनाउँछे। पम्फा एकातिर जयवीरलाई पशुपति जान राजी गराउँछे भने अर्कातिर गरुडध्वजसँग विदा माग्न सफल भएकी छ। गरुढध्वज आफ्नो इच्छाविपरीत पत्नीलाई बिदा दिन्छ (कोइराला,२०६६ : ४२)। यता ठूल्नानी पम्फा र जयवीर सँगसँगै पशुपति जाने कुराले चिन्तित छन् भने यही क्रममा मुगा पनि उनीहरूसँगै पशुपति जान तयार भएकी छे। पशुपतिका वरिपरि माग्नेहरू छरपस्टिएका छन्। राजेश्वरी घाटमा मान्छे जलाउन लागेको दृश्यले पम्फा डराउँछे। यसै प्रसँगमा व्यक्त गरिएको अंश– “पम्फा – नाइँ, म त हेर्न सक्तिनँ त्यस्तो, ज्यादै डर लाग्छ (सम, २०६८ : ८०)।” पम्फाले मुगालाई श्रीखण्डको माला लिन पठाएर जयवीरसँग एकान्त वार्ता गर्ने क्रममा माग्ने आएर उनीहरूसँग केही माग्छ। उता धनी–गरिबको कुरा हुन्छ, यस क्रममा पम्फा आफू धनी भएको कुरा बताउँछे। नाटकमा उनले धनी भएको कुरा यसरी व्यक्त गर्दछिन् – “ पम्फा – ऐले त होइन, म धनी छु (सम, २०६८ : ८१)।” यही क्रममा पम्फा जयवीरलाई जुँगामा रहेको पसिना नपुछ्न भन्छे। त्यही समयमा अन्धाहरूको समूह आएर अन्धवेगले आँखा चिम्लेको गीत गाउँछन्। यता पम्फा त्यही गीत गाएर राति जाग्राम बस्ने कुरा गर्छे। त्यही समयमा एउटा वौलाहा आउँछ र हात पसार्छ। पम्फा झस्केर जयवीरको हात समात्न पुग्छे। मुगालाई गुहेश्वरी पठाएर जयवीरलाई वैकुण्ठमानको घर पुऱ्याउँछे। यता वैकुण्ठमान घरमा नभएकोले नोकर चतुरे सबै पशुपति गएकाले ऊ पनि खोजीमा निस्कन्छ। कोही नभएको एकान्त अवसर पारी कामवासना पूरा गराउने साधनका रूपमा जयवीरलाई उपयोग गर्न तयार हुँदा हुँदै यमदूतको रूपमा गरुडध्वज उपस्थित भई जयवीरको गलाको माला चुडाल्दछ र खुकुरी झिकेर जाइ लाग्छ। खुकुरी झिकेर जाइ लागेको प्रसङ्ग यसरी व्यक्त गरिएको छ– “गरुढध्ज– (खुकुरी उठाएर) यो जाँच्तछ ! फम्फा चिच्च्याउँछे। जयवीर गरुढध्वजको हात समात्छ। दुइको लडन्तमा खुकुरी परतिर फ्याँकिन्छ। गरुढध्वज जयवीरको घाँटी समात्तछ फेरि लडन्त पर्दछ सम,२०६८ : ९२)।” दुवैका बीच घमसान लडाइँ हुन्छ, अन्तमा गरुडध्वजले ताल्चाले टाउकामा हानेर जयवीरलाई मारी पम्फालाई उसैसँग सति जान भनेर घर गई छोराछोरीलाई अन्तिम माया गरेर विष सेवन गरी आत्महत्या गर्छ। उता पम्फा पनि त्यहीँ पुग्छे र घरको कठवारबाट लडेर मर्छे। यसरी वासनात्मक प्रेमको अन्धवेगका कारणबाट एउटा सुन्दर र सम्पन्न परिवार कसरी ध्वस्त हुन्छ (उपाध्याय, २०६७ : ९२) भन्ने चित्तबुझ्दो ढङ्गबाट प्रस्तुत गरिएको छ।

नाटकको कथावस्तु सरल ढाँचामा गुम्फित भएको छ। केटाकेटीको खेलबाट नाटकको सुरुवात भएको भए पनि खास घटना जयवीरको प्रवेशागमनसँगै सुरु हुन्छ। लामो समयदेखि पम्फाको मनमा जमेको गथासो जयवीरको उपस्थितिले सल्वाउन थाल्दछ। नाटकको सुरुको अङ्कका पहिलो र दोस्रो दृश्य नाटकीय कार्य व्यापारको प्रारम्भका भागका रूपमा देखिन्छ। नाटकको रूपमा विकसित हुने अवस्था यहाँ देखाइएको पात्र परिचय, परिवेश आदिबाट भएको छ। जयवीर नुहाउँदा बजेको घल्चाको आवाज, डुँडबाट बगेको साबुनपानीको फिँज, सङ्लिएको पानी, मधुर गीत गुञ्जनजस्ता कारक तत्त्वले पम्फाका कुण्ठित कामेच्छालाई घच्घच्याएकोले सुटुक्क जयवीर भएको ठाउँमा गएर अतृप्त कामेच्छालाई पूरा गराउने धुनमा लागेकी छ। नायकका नजरमा आफू पर्ने प्रयत्न पम्फाको देखिनु नाटकीय कार्यव्यापारले प्रयत्नावस्थाका लक्षण पार गरेको देखिन्छ।

नाटकको दोस्रो अङ्कका सुरुका चार दृश्यले यसको विकास अवस्था बुझाउँछन्। यस अवधिमा नायकलाई अनेकन विघ्नबाधा देखिन्छन्। धुरारीले चेप्टे र मुगाका कुरा सुनेपछि गरुडध्वजमा यो कुरा पुग्छ र पम्फा तथा जयवीरलाई छुट्याउने प्रयत्न हुन्छ। यस प्रसङ्गमा उल्लेख गरिएको विचार–

"मुगा - जसरी हुन्छ यिनीहरूलाई नछुट्ट्याई भएन। धुरारी - पख, उपाय गर्छु (भित्र पस खोजी एकक्षण उभिई फेरि फर्केर) बिचरा गरुड आज एक रात राम्रोसित सुतून्, उनको सट्टामा मै जाग्राम बसेर विचार गरुँला– सोचुँला। नरोऊ जाऊ ऐले, राम्रोसित हेर्दै गर्नू !(सम,२०६८ : ५७)।" जयवीरले पम्फालाई सकारात्मक दृष्टिले हेर्न छोड्ने अवस्था सुरु भएको हुन्छ भने यता पम्फाचाहिँ कुनै पनि अवस्थामा जयवीरलाई एक्ल्याएर आफ्नो कामेच्छा पूरा गर्ने अवस्थामा पुगेकी छे। प्रपञ्चपूर्ण ढङ्गबाट ऊ अगाडि बढेकी हुँदा तेस्रो अङ्कको प्रारम्भबाट नाटक शिथिलतातिर ओर्लेको छ (थापा, २०६६ : ७५)। पम्फाका अगाडि अब मुगामात्र बाँकी रहेकीले उसलाई पनि गुहेश्वरी पठाउँछे र वैकुण्ठमानको घरमा पुग्दा लगभग कार्यव्यापारको फलागम हुने अवस्थामा पुगेर नाटकीय ढङ्गबाट गरुडध्वजको उपस्थितिले नाटकले उल्टो गति लिन्छ र दुःखान्त मोडमा पुगेर प्रस्तुत नाटकको अन्त्य भएको पाइन्छ।

**पात्रविधान**

नाटकीय कार्याव्यापारलाई फलागमसम्म पुऱ्याउन पात्र वा चरित्रको ठुलो भुमिका रहन्छ। पात्रकै कारण नाटकको कथावस्तु अगाडि बढ्छ। यस नाटकमा पनि पात्र वा चरित्रका रूपमा विभिन्न पात्रहरू उपस्थित भएका देखिन्छन्। नाटकमा मुख्य भूमिका खेल्ने निम्न पात्रहरूको चरित्र चित्रण गरिन्छ :

**गरुडध्वज**

उच्च कुलीन व्यक्तित्वका रूपमा नाटकको पर्दामा देखिएका गरुडध्वज यस नाटकका नायक हुन्। नाट्य मान्यताका आधारमा यिनी भद्रपुरुष पात्र, शालीन र उदार प्रकृतिका देखिन्छन्। आफ्नो जीवनलाई पूर्ण बनाउन आएका नोकर, वैद्य, पण्डितजस्ता पात्रको उपस्थिति गरुडध्वजकै जीवनका अङ्गजस्तै भएर आएको नाटकले देखाएबाट पनि यिनी कुलीन सम्पन्न र लब्ध प्रतिष्ठित पात्रका रूपमा नाटकमा देखिएका छन्। नाटकको नायकमा हुनुपर्ने धीरोदात्त प्रवृत्ति भएका, बहु गुणयुक्त, बौद्धिक, संस्कृति र सभ्यताप्रति अनुराग भएर पनि आधुनिक विचारलाई स्थापित हुन दिन सकेको देखिँदैन। गरुडध्वज पत्नीव्रता र गम्भीर स्वभावका पात्र देखिन्छन् जो पत्नीलाई ज्यादै माया गर्दछन्। सबै इष्टमित्र र साथीभाइप्रति समान व्यवहार गर्ने र मर्यादा राख्ने नायक गरुडध्वज उदार प्रकृतिका मानवतावादी चरित्रका रूपमा नाटकमा उपस्थित छन्। आत्म संयम भएका विवेकशील र कुशल गृहस्थी जीवन यापन गर्न रुचाउने पात्रका रूपमा यिनी चित्रित छन्।

प्रस्तुत नाटकको आरम्भ भागमा अङ्ग्रेजजस्तो धोक्रो सुरुवाल लगाउने र मोहोताबाट सर्प उक्ले पनि चाल नपाउने वा हुस्सू पात्रका रूपमा यिनलाई चित्रण गरिएको देखिन्छ। असल र मानवीय चरित्रका पात्र भए पनि समयअनुसार चल्न नजान्नु यिनको चारित्रिक कमजोरी हो। बर्हिमुखी चरित्र बनाउन नसकेका र अभिजात्य संस्कारमा हुर्किएका यिनी आन्तरिक पीडा, दुःख र शङ्कालाई आफैँमा लुकाउन सक्ने पात्र हुन्। बुद्धिमान र तर्कशील भएर पनि यथा समयमै पम्फा र जयवीरका बिच घट्दै गएको दूरीलाई बढाउन सक्दैनन्। पतिको उच्च अहम्भाव र अभिजात्य संस्कारले गर्दा धुरारीले समयमै पम्फालाई सम्झाई नियन्त्रणमा लिन सल्लाह दिँदा स्त्रीको पाउ परेर पतिभक्ति माग्न आफू तयार छैन भन्दछन्। यद्यपि यिनलाई सामाजिक, सांस्कृतिक, धार्मिक आदि दृष्टिकोणबाट खोट लगाउने ठाउँ छैन। सदुगुणी पात्र भएर पनि अति सोझोपना, अति सहनशीलता अलमस्तीपनाजस्ता सूक्ष्म कमजोरीले गर्दा यिनका अगाडि दुःखान्त अवस्था आउन पुगेको छ। उच्च वर्गीय गतिशील पात्रका रूपमा उनी यस नाटकमा चिनिएका छन्। प्रस्तुत नाटकमा उनले उच्च वर्गीय नेपालीहरूको भूमिका निर्वाह गरेका छन्।

**पम्फा**

पूर्वीय सिद्धान्तअनुसार उनी परकीया पात्र हुन्। यस्ता नायिका आफ्ना पतिलाई छोडेर अरूसित प्रणयसम्बन्धमा लागेका हुन्छन् (थापा, २०६६ : ८९)। उनी यस नाटकमा केन्द्रीय चरित्रका रूपमा देखिएकी छिन्। उनी भानु र चिञ्चीकी आमा तथा गरुडध्वजकी पत्नीका रूपमा चित्रित छिन्। अन्धवेग नाटकको नाटकीय कर्म यही चरित्रमा झाङ्गिदै गएर अन्त्यमा दुःखान्तक बनेको छ। नाटकीय कार्यव्यापारलाई हेर्दा नाटकमा जयवीरको उपस्थिति हुनुपूर्व आदर्श पत्नी, कुशल गृहिणी, वात्सल्यमयी माताका रूपमा र जयवीरको आगमनपश्चात् चरित्रमा आमूल परिवर्तन हुन पुग्दछ। उसको आगमनभन्दा अगाडि वात्सल्यमयी आमाको भूमिका निभाएको, छोराछोरी बिरामी हुँदा रात छर्लङ्ग पारेको, अतिथिको सत्कारमा तत्परता देखाएको जस्ता कार्यबाट उसको घरायसी ममता स्पष्टै देखिन्छ। फरासिली र मिजासिली भएकाले जो कसैलाई छिट्टै प्रभाव पार्न सक्ने कला पम्फामा देखिन्छ। जयवीरको उपस्थितिपश्चात् भने कामवासनाको अन्धवेगले हेलिएर उन्मत्त भएकी पात्रका प्रणयिनीका रूपमा प्रस्तुत नाटकमा चित्रित हुन पुगेकी छ।

विछट्टै राम्री हुनु पम्फाको प्रस्तुत नाटकमा प्रमुख चरित्र दोषका रूपमा देखिएको छ। यही रूप लावण्यलाई हेरेर गरुडध्वजले पम्फालाई विवाह गरेको प्रसङ्ग एकातिर जीवन्त छ भने अर्कोतिर जयवीर पनि त्यही रूप सौन्दर्यले मुग्ध हुन पुग्दछ। टिम्के चोली मन पराउने नक्कली आइमाईका रूपमा प्रस्तुत भएकी पम्फाको चरित्रभित्र रसिलो, मिजासिलो फरासिलो व्यक्तित्व छ जुन व्यक्तित्व दण्ड र माया दुवै पर्गेल्न सक्छ भन्ने कुरा दमाईलाई गाली गर्नु र आफ्नो प्रेमीलाई माया गर्नुबाट पनि पुष्टि हुन्छ। के गर्दा आफूले चाहेको पुग्छ भन्ने कुरालाई ख्याल राखेको र आफ्नो हठ पूरा गर्न सफल भएको दृष्टान्त जयवीरसँग पशुपति गएबाट पुष्टि भएको छ। आफ्नो मनोकाङ्क्षा पूरा गर्न साम, दाम, दण्ड, भेद सबै खालका प्रपञ्च रच्न र काम फत्ते गर्न ऊ सिपालु देखिन्छे।

आफैँले चिलिम फुटाउनु र आफैँ फुटेको भन्नु, अपरिचित जो कोही युवतीको चरित्रमा खोट लगाएर शङ्कास्पद स्थिति सिर्जना गराउनु, जयवीरसँग एकान्तलापको अभिलाषा राखी पशुपति जान लागेको भए पनि पतिको आरोग्यको भाकल पूरा गर्न जान लागेको भन्नु, नक्कली अभिनय गरी मुगालाई गुहेश्वरी पठाएर जयवीरसँग एकान्तलापको अवसर मिलाउनु पम्फाका छल, प्रपञ्च र मिथ्या वाणीका दसी हुन्। जयवीरप्रति आकर्षित भएकी पम्फा दमित कामेच्छाबाट दण्डित भएकीछिन्। जयवीरले कामवासनात्मक प्रेमलाई अस्वीकार गर्दा रामझैं पवित्र र निर्दोष भएको देखाउन पछि परेकी छैन। झट्ट हेर्दा दुष्ट र चण्डाल नदेखिने पम्फा असाधारण घमण्ड र हठ तथा छलप्रपञ्च गर्ने दुर्गुण एवम् पतिव्रता धर्म विरोधी आचरण भएकी असत् चरित्र हो। ऊभित्र प्रचण्ड कामवासनाको आगो दन्किएको हुँदा त्यसकै कारण पापकर्म गर्न उद्यत र दुःखान्तीय अवस्था निम्त्याउने चरित्र हो।

नाटकीय घटनाक्रमका क्रममा जयवीरलाई गरुडध्वजले मारिसकेपछि जयवीर आफैँ लडेर मरेको सिद्ध गर्न पछि नपर्ने हठी नारी चरित्रका रूपमा नाटकमा चित्रित पात्र हो। आफूलाई अनुमति भए आफू दासी भएर बस्ने र कानुनी तवरबाट हत्याको तर्क सिद्ध गर्न नसके आफैँ जेल बस्नेसम्म तर्क गर्ने पम्फा अपार जिजीविषा र असाधारण प्रत्युत्पन्न मति भएकी चरित्र हो। ऊ नाटकमा असत् तर गतिशील पात्रका रूपमा चित्रण भएकी छे।

**जयवीर**

जयवीर गरुडध्वजको फुपूको छोरा भानिज भाइका रूपमा यस नाटकमा देखिएको छ। उसको स्वभाव दुर्जन प्रकृतिको नभए पनि नाटकमा पम्फाको प्रेमी भएर देखिएकाले प्रतिनायक भई उभिएको छ। भर्खरको नवयुवक भएकाले बन्दै गरेको कलाकृतिझैँ अपूर्ण र अपुष्ट पात्रका रूपमा

नाटकमा देखिएको छ। प्रथम दृश्यमा नै अति सुन्दरताका कारण पम्फाका निम्ति कामदेवको रूप लिन पुग्दछ। विधवा आमाबाट पालिएको भए पनि जयवीर आदर्श चरित्रको छ। देशका विभिन्न ठाउँमा पुगेको भए पनि प्रकृति र संस्कृतिको ज्ञान छैन। बंगाली तथा पाश्चात्य कला र संस्कृतिबाट प्रभावित छ। प्रेमी बन्न, कविता लेख्न, वाद्यवादनमा लाग्न रमाउने यो जीवनको अर्थ नबुझ्फी रोमान्स र प्रकृति प्रेममा रमाउने, जीवनरूपी प्रेमको आसय नबुझ्फी पम्फाको वासनात्मक प्रेममा लठ्ठ पर्ने प्राकृतिक भुल गर्दछ। जीवनको अर्थ, मानव प्रकृतिको वास्तविक ज्ञान र कर्तव्य अकर्तव्यको छ्यानविवेक नभएका पात्र हुने– जयवीर। वैकुण्ठमानको अर्तीले पनि यिनलाई सत्मार्गतिर लाग्ने ऊर्जा प्रदान गर्न सकेको छैन। दाजु गरुडध्वजलाई श्रद्धा गरे पनि भाउजूप्रति वासनात्मक आसक्तिमा लीन भएकाले यिनी सत्पात्र हुन लायक देखिदैन। वैकुण्ठमानको उपदेशले केही सतर्क भए पनि कच्चा बुद्धिको कारण पम्फाको वासनात्मक प्रेमबाट टाढिन सकेको छैन। उनमा अतिभावुकता, प्रेमाभाव,अपरिपक्वताजस्ता गुण बढी भएकाले सत्पात्रका रूपमा नाटकमा पढ्न सकिँदैन।

**उद्देश्य**

मान्छेमा उत्पन्न यौन तृष्णाको अन्धवेगले सुखद् पारिवारिक जीवनमा उथलपुथल गराउँछ भन्ने कुरा देखाउनु अन्धवेग नाटकको उद्देश्य हो। सामाजिक, सांस्कृतिक, धार्मिक र पारिवारिक मर्यादाको उल्लङ्घन गर्दा परिवारमा मात्र नभई व्यक्तिगत जीवनमा समेत दरार उत्पन्न हुन्छ भन्ने नाटकले आफ्नो उद्देश्य बनाएको छ। प्रस्तुत नाटकले सत् र असत्का बीच द्वन्द्व सिर्जना गराई असत्को जीत क्षणिक मात्र हुने हुँदा सत्लाई विजय गराएको छ। नाटकलाई पाश्चात्य संस्कृतिले विकृत गराएको देखाई पूर्वीय संस्कार र संस्कृति वास्तवमै आदर्श, प्रशंसनीय र अनुकरणीय छ भन्ने कुरा देखाउनु पनि प्रस्तुत नाटकको उद्देश्यभित्र पर्दछ। उद्देश्यगत रूपमा हेर्दा प्रस्तुत नाटक पूर्णतः उद्देश्यमूलक देखिन्छ।

**संवाद**

नाटकीय कार्यव्यापारलाई सफल बनाउन नाटकमा प्रयुक्त संवादको पनि त्यतिकै महत्त्वपूर्ण भूमिका रहन्छ। संवाद जति सशक्त र प्रभावोत्तेजक हुन्छ त्यति नै मात्रामा नाटकीय कर्म र फल पनि प्रभावकारी हुन्छ। यसरी हेर्दा अन्धवेग नाटकमा प्रयुक्त संवाद कला र अभिव्यक्ति दुवै दृष्टिले उपयुक्त छ। नाटकको संवादमा प्रयुक्त भाषा उल्लेखनीय छ :

| | | |
|---|---|---|
| मुगा | – | मलाई नजिस्का है चेप्टे, तेरो नाक गालामा लिपिदिउँला– (सम, २०६८ : २९) |
| भानु | – | पर के हेरेको आमाबा भ भानिजबा आयो ? (सम, २०६८ : ५३) |
| धुरारी | – | भूल गर्दछ मान्छेले, सम्झाउनु त धर्म हो। (सम, २०६८ : ७०) |
| पम्फा | – | उसो भए यो त स्वास्नीमान्छे रैछ। (सम, २०६८ : ८८) |
| गरुडध्वज | – | आइस् यहाँ रण्डी। (सम, २०६८ : ९०) |

माथिका संवादलाई हेर्दा नाटकको विषयवस्तु र भावलाई संवादले समेटेको देखिन्छ। पात्रका मनोकाङ्क्षा, यथार्थ स्थिति, विश्वसनीयता, क्रिया प्रतिक्रिया, सशक्तताजस्ता कुरामा प्राकृतिकता पाइने हुँदा संवादका दृष्टिले प्रस्तुत नाटक समग्र रूपमा प्रभावकारी मानिन्छ।

**वातावरण**

अन्धवेग नाटकलाई नाटकीय परिवेशले पनि जीवन्त बनाएको छ। यस नाटकमा स्थानगत परिवेशका रूपमा काठमाडौँली सेरोफेरो दृश्यका रूपमा कैद गरिएको छ भने समयका रूपमा एक हप्ताको समयलाई बिहान दिउँसो, बेलुकी र

साँझका रूपमा विभाजन गरी देखाइएको छ। काठमाडौँको सेरोफेरोको चित्रण गर्ने क्रममा काठमाडौँको मुटु गरुडध्वजको घर, दक्षिणकाली समीपको फर्पिङको वन, पशुपति र त्यसको सेरोफेरो तथा राजेश्वरी घाट, गुहेश्वरी र वत्तीसपुतलीजस्ता स्थानका केन्द्रीयतामा नाटकीय कार्यव्यापार भएकाले कथावस्तु, पात्र वा चरित्र उद्देश्य संवाद सबै दृष्टिले नाटक सहज ढङ्गबाट फलांगमतर्फ उत्कर्षमा पुगेको देखिन्छ। नाटकीय परिवेश सहज, स्वाभाविक र कलात्मक छ। गरुडध्वजको परिवारमा आएका अतिथिको स्वागत सत्कारमा परिवार स्वाभाविक रूपमा जुट्नुले आदर्श पारिवारिक संस्कारको नमुना प्रस्तुत भएको छ।

नाटकमा गरुडध्वजका घरमा नोकर–चाकर, वैद्य, पण्डितजस्ता पात्रको उपस्थिति देखिनुले सम्भ्रान्त जीवनशैलीको उपस्थिति एकातिर देखाइएको छ भने अर्कोतर्फ सम्पन्नताभित्रको कुण्ठालाई जयवीरको उपस्थितिबाट पम्फामा उब्जेको अतृप्त कामवासना तृप्त गराउन परिवारकै एक सदस्य जयवीर उपस्थित भएर नाटकीय सहजतामा तुषारापात गराई द्वन्द्वात्मकता सिर्जना गराउन परिवेशले पृष्ठपोषण गरेको छ। नाटकलाई फलागमसम्म पुऱ्याउन नाटकीय कार्यव्यापारमा जेजस्ता विश्वसनीय अविश्वासनीय घटना घटे पनि नाटकीय कार्याव्यापार पूर्णतः क्रियाशील र शक्तिशाली बन्न सकेको देखि“दैन तथापि नाटकीय क्रम भने अगाडि बढेको नै देखिन्छ। परिवेशका रूपमा चित्रित यस नाटकमा उपस्थिति पाएका स्थान तथा समयलाई हेर्दा यसले धार्मिक, सांस्कृतिक तथा सामाजिक रहनसहनलाई पनि संयोजन र समन्वयन गरेकाले नाटक सार्थक देखिन्छ।

**भाषाशैली**

नाटककार सम मूलतः दार्शनिक चिन्तक र परिष्कारवादी स्रष्टा भएकाले उनको भाषाशैली खँदिलो र कसिलोका साथ केही क्लिष्ट हुनु स्वाभाविकै हो। नाटकमा दार्शनिक रङ र वैदिक सूक्ति पाइनु यिनका नाटकीय प्रवृत्ति पनि हुन्। समको नाटकको भाषा माझिएको, खारिएको, बाँधिएको र कसिएको पाइन्छ। यथास्थानमा प्रयुक्त हुन आएका बिम्ब र प्रतीकले नाटकको भाषाशैली ओजपूर्ण हुन पुगेको देखिन्छ। कवितात्मक तथा दार्शनिक अभिव्यक्तिले नाटक गहन पठनका दृष्टिले पूर्ण आस्वाद्य एवम् रसास्वादन योग्य बन्न पुगेको छ।

अभिव्यक्तिको माध्यम भाषा र प्रस्तुतिको तरिका शैलीका दृष्टिले प्रस्तुत नाटक समका अरू नाट्य कृतिसरह नै सफल कृति हो। सामयिक संवादको उपस्थिति, वर्णानात्मक एवम् विवरणात्मक भाषिक शैली, तत्सम–तद्भव शब्द चयनजस्ता प्रयुक्तिले नाटककार समको भाषा शैलीलाई सहज र सुबोध्य तथा सरल र सरस भन्न नसकिए पनि ज्यादै दुर्वोध्य, दुरुह, जटिलै र क्लिष्ट नै भने छैनन्। सामान्यतः पाठकले अलिक कसरत गर्नैपर्ने कुरालाई भने इन्कार गर्न सकिँदैन।

**शीर्षक सार्थकता**

यस नाटकको विषयवस्तुलाई हेर्दा यसको शीर्षक प्रतीकात्मक देखिन्छ तापनि यसले समग्रतामा नाटकीय कार्य व्यापारको प्रतिनिधित्व गरेको छ। यसको शीर्षकले पम्फाको अतृप्त यौनको आँधो (अन्धो) आवेगलाई मात्र सङ्केत नगरी गरुडध्वजको अन्धो आवेगको कारण मृत्युको मुखमा पुग्ने जयवीरको निर्दोष हत्याले पनि अन्धवेगको पुष्टि गरेको देखिन्छ।

त्रिकोणात्मक रूपमा तिनै पात्रको अन्धआवेग कुनै न कुनै रूपमा समतुल्य देखिँदा नाटकको शीर्षक पूर्ण रूपमा सार्थक छ भन्न सकिने गतिला प्रमाणहरू नाटकैभरि भेटिन्छन्। पम्फाको अन्धआवेगले आदर्श परिवार आगोको रापमा पिल्सिन्छ, जयवीरको अन्ध संवेगले पारिवारिक मर्यादाको सीमा भत्किन्छ र गरुडध्वजको अन्धआवेगले सन्ततिको भविष्य अन्धकारमा जकडिन्छ। नाटकीय घटनाक्रमले उत्कर्षता प्राप्त

गर्दा दुःखद् वियोगमा पुगी नाट्यान्त हुनुले शीर्षकको औचित्यलाई पुष्टि गर्दछ।

**अभिनय**

नाटक दृश्य काव्य भएकाले मञ्चनका दृष्टिले त्यो कति जीवन्त वा ओजपूर्ण छ वा छैन भनेर हेरिन्छ। यसरी हेर्दा प्रस्तुत नाटकलाई मञ्चनका दृष्टिले सफल नाटक मान्न सकिन्छ। यहाँ परिकल्पना गरिएका सबै पात्र अवस्थालाई सकुशल जस्ताको तस्तै अनुकरण गर्न नसकिए पनि समग्रमा अभिनय गरेर देखाउन सकिने भएकाले मञ्चनीयताका दृष्टिले प्रस्तुत नाटक सफल छ। पात्रको उपस्थिति, विषयवस्तुको अवस्था, परिवेश, उद्देश्य, भाषाशैली, संवाद, चरित्रजस्ता पक्षलाई नियाल्दा प्रस्तुत नाटक सफल मञ्चनीय नाटक हो भन्न सकिन्छ।

**निष्कर्ष**

दार्शनिक नाटककार बालकृष्ण समले यस नाटकमा नेपाली समाजमा देखिएका विकृति र विसंगतिलाई यस नाटकको माध्यमबाट उजागर गरेका छन्। सम्भ्रान्त परिवारको पारिवारिक यथार्थलाई चित्रण गरेर उनीहरूमा देखापरेको अनैतिक कार्यलाई पम्फाको माध्यमबाट प्रस्तुत गरिएको छ। क्षणिक रूपमा आफ्नो कामवासना पूरा गर्न आफ्नै नातेदार जयवीरलाई पम्फाले उपयोग गरेकी छिने। जयवीर भर्खरको यौवनावस्थामा प्रवेश गर्दै गरेको युवकप्रति कामवासनाको दृष्टि पर्दछ। जसरी भए पनि कामवसना पूरा गर्न जयवीरलाई वशमा पार्न चाजोपाँजो मिलाउन पम्फा लागि परेकी छिन्। जयवीर पनि पम्फाको प्रेममा परिसकेको कुरा उसैले लेखेको कविताबाट पुष्टि भएको छ। एकान्तको खोजीको क्रममा पशुपति पुग्छन्। त्यहाँ आफूसँगै गएकी मुगालाई श्रीखण्डको माला लिन पठाएर एकान्तमा बस्ने वातावरण मिलाउँछिन्। त्यसैवेला यमदूतको रूपमा गरुढध्वज त्यहाँ आइपुग्छन्। दुवैको उद्देश्य पूरा हुनुको साटो गरुढध्वजले जयवीरलाई मारिदिन्छन् र आफू पनि आत्महत्या गरी मर्दछन्। पम्फा पनि घरको कठबारबाट लडेर मर्दछिन्। एउटा गल्तीले सुन्दर घर एकैछिनमा तासको घर  जस्तै हुनपुग्छ। त्यसैले सबै मानिसले आआफ्नो अनुशासनमा बसेर आआफ्नो दायित्व पूरा गर्नु पर्दछ अन्यथा गरुढध्वजको घरजस्तै भताभुङ्ग हुन्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ।

**सन्दर्भसूची**


उपाध्याय, केशवप्रसाद ( २०६७ ), नेपाली नाटक र नाटककार (दो. सं.), ललितपुर : साझा प्रकाशन।

कोइराला, कुमारप्रसाद ( २०६६), केही आधुनिक नाटक र नाटककार, काठमाडौँ : ओरिएण्टल पब्लिकेशन।

थापा, मोहनहिमांशु (२०६६), साहित्य परिचय , ललितपुर : साझा प्रकाशन।

लम्साल, रामचन्द्र, गौतम, वासुदेव, अधिकारी, गणेशराज (२०७१), नेपाली नाटक, एकाङ्की र निबन्ध (प. सं.), काठमाडौँ : भुँडीपुराण प्रकाशन।

सम, बालकृष्ण (२०६८), अन्धवेग, ललितपुर : साझा प्रकाशन।